जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २२० ❑ २०८३ भाद्र ०९ गते मंगलबार ❑ Monday, 25 Aug. 2026 ❑ मूल्य ७ /-




## नेपालमा संविधान संशोधनको सवाल (३)

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०


### दमकमा बजारभित्र यातायात व्यवस्थापनमा कडाइँ

# अव्यवस्थित तारदेखि पार्किङसम्मका नयाँ नियम

खगेन्द्र कार्की



**दमक/** दमक नगरपालिकाले नगरको सौन्दर्यीकरण, बजार व्यवस्थापन, यातायात अनुशासन र सार्वजनिक स्थानको व्यवस्थापनलाई व्यवस्थित बनाउन विभिन्न नियम कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाले अव्यवस्थित तार व्यवस्थापनदेखि पार्किङ, फुटपाथ, फोहोरमैला, सार्वजनिक धुम्रपान तथा मद्यपान र बसपार्क व्यवस्थापन सम्मका विषयमा कडाइँ गर्ने भएको हो ।

नगरप्रमुख रामकुमार थापाका अनुसार सडकका पोलमा छरपष्ट रूपमा रहेका तार व्यवस्थापनका लागि नेपाल टेलिकम तथा अन्य केबल प्रदायक कम्पनीलाई पत्राचार गरी समन्वयमा काम भईरहेको बताएका छन् । रथयात्राका क्रममा प्रयोग हुने मुख्य रूटसमेत लक्षित गरी तार व्यवस्थापनको काम अघि बढाइएको उनले बताए । भदौ २० गते हुने रथयात्राअघि नै आवश्यक काम सम्पन्न गर्ने गरी सम्बन्धित निकायसँग समन्वय भइरहेको नगरप्रमुख थापाको भनाइ छ ।

नेपाल टेलिकम दमकले पनि नगरपालिकाको आग्रहअनुसार रथयात्राको रूटमा पर्ने अनावश्यक पोल तथा तार समयमै व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको छ । टेलिकमले नगरपालिकालाई पठाएको प्रतिबद्धता पत्रमा दमक नगरपालिका कार्यालयदेखि मामाचोकसम्म फाइबर विस्तारका क्रममा बिग्रिएको सडकखण्ड मर्मतका लागि पनि नगरपालिकासँग समन्वय भइरहेको जनाएको छ ।

यसैबीच नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रम र २०८३/०४/२७ गते बसेको यातायात तथा ट्राफिक व्यवस्थापन समितिको निर्णयअनुसार नगरपालिकाले बजार तथा सार्वजनिक स्थानमा विभिन्न नयाँ व्यवस्था लागू गरेको छ । यि नियमहरू विगतमा लागु भएको तर जेनजी आन्दोलनपछि स्थिति अस्तव्यस्त बनेकोले पुनः यसलाई व्यवस्थापन गर्न लागिएको नगरप्रमुख थापाले जानकारी दिए ।

नगरभित्र सडक तथा फुटपाथ अवरोध हुने गरी व्यवसाय सञ्चालन गर्न, निर्माण बाँकी ४ पेजमा ▸▸

# कोशीका मुख्यमन्त्री कार्कीले पाए विश्वासको मत



**दमक/** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेका छन् । सोमबार प्रदेशसभामा भएको मतदानमा कार्कीको पक्षमा ५७ मत परेको हो ।

विश्वासको मतको पक्षमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीका प्रदेशसभा सदस्यहरूले मतदान गरेका थिए ।

कोशी प्रदेशसभामा एमालेका ४० र नेपाली कम्युनिस्ट पार्टीका १७ सदस्य छन् । दुवै दलका सबै सदस्यले मुख्यमन्त्री कार्कीको पक्षमा मतदान गरेपछि उनले ५७ मत पाएका हुन् ।

विश्वासको मतको विपक्षमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्यहरूले मतदान गरेका थिए । कांग्रेसका २९ सदस्य रहे पनि मतदानमा २२ मत मात्रै विपक्षमा परेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सभामुखसहित पाँच प्रदेशसभा सदस्यले भने मतदानमा भाग लिएनन् । त्यस्तै, जनता समाजवादी पार्टी (जसपा) की एक्ली प्रदेशसभा सदस्य निर्मला लिम्बु बैठकमा उपस्थित भइनन् ।

कोशी प्रदेशसभामा सुरुमा ९३ सदस्य थिए । एक सदस्यले राजीनामा दिएपछि हाल ९२ सदस्य कायम छन् । सोमबारको बैठकमा भने ८३ जना प्रदेशसभा सदस्य उपस्थित थिए । मुख्यमन्त्री कार्कीले विश्वासको मतका लागि आवश्यक बहुमतभन्दा बढी मत प्राप्त गरेका हुन् ।

## बयानका क्रममा भिडियो खिच्ने पक्राउ

**दमक/** बाराकी बालिका गरिमा चौधरीको बालात्कारपछिको हत्यामा संलग्न किशोरको बयानको भिडियो खिचेर सार्वजनिक गरेको अभियोगमा एक प्रहरी प्रकाउ परेका छन् ।

किशोरको बयान चलिरहेको बेलामा बयान कक्षमा खिचेको भिडियो आइतबारदेखि सामाजिक सञ्जालमा भाइरल भएको छ ।

प्रहरीले समक्ष गरेको बयानको भिडियो बाहिरिएपछि प्रहरीमाथि नै प्रश्न उठेको थियो। सोमबार बसेको प्रतिनिधिसभाको बैठमका पनि यसबारे विभिन्न सांसदहरुले सरकारको ध्यानाकृर्षण गराएका छन् । बाँकी ४ पेजमा ▸▸

## करेन्ट लागेर महिलाको मृत्यु

**मोरङ /** मोरङको बूढीगंगा गाउँपालिका-४ गोकुल उराउ टोलकी ४० वर्षीया मुना कार्कीको करेन्ट लागेर मृत्यु भएको छ । घर नजिकै पानी तान्ने ट्युबेलमा जडान गरिएको मोटर चलाउने क्रममा उनलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । आइतवारराति करेन्ट लागेर गम्भीर घाइते भएकी कार्कीलाई उपचारका लागि विराट टिचिङ अस्पताल लगिएको थियो। अस्पताल पुऱ्याएपछि चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# बाह्रकोटीको घरमा लागेको आगो आंशकाको घेरामा

### पीडितलाई सहयोग गर्न आग्रह



**दमक/** झापाको दमक नगरपालिका-४ जनचेतना टोलमा भएको आगलागीको घटनालाई लिएर पीडित परिवारले चोरीपछि नियोजित रूपमा आगो लगाइएको आशंका गरेका छन् । सुरूमा विद्युत् सर्ट भएर आगलागी भएको अनुमान गरिएपनि घरभित्रका सामान बाहिर छरिएको र ढोकाको चुकुल ह्यान्डिलसहित बाहिर फालिएको भेटिएपछि घटना शंकास्पद भएको भिमा बाह्रकोटीले बताईन् ।

गत शनिबार राति जनककुमार बाह्रकोटी (श्रीमति भिमा बाह्रकोटी) को घरमा आगलागी भएको थियो । आगलागी भएको समयमा परिवारका सदस्य भने अस्पतालमा थिए । भिमा बाह्रकोटीका अनुसार बच्चाको अप्रेसनका क्रममा आफू अस्पतालमा रहेका बेला घरमा आगलागी भएको हो ।

आगलागीपछि प्रहरीले घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिनुका साथै सर्जमिन बाँकी ४ पेजमा ▸▸

## दमक क्याम्पसमा तालाबन्दी

**दमक/** शुल्क वृद्धिको बिरोधमा आन्दोलनरत विद्यार्थीहरूको एक समूहले दमक बहुमुखी क्याम्पसमा तालाबन्दी गरेका छन् । क्याम्पस प्रशासनले बृद्धि गरेको शुल्क फिर्ताको माग राख्दैं आन्दोलनरत विद्यार्थीहरूले सोमबार बिहान क्याम्पस प्रमुखको कार्यालय र प्रशासन शाखामा तालाबन्दी गरेका हुन् । विद्यार्थीहरूले बढाइएको शुल्क तत्काल फिर्ता लिनुपर्ने माग गर्दै आन्दोलनलाई थप सशक्त बनाएका छन् । शुल्क वृद्धिले विद्यार्थी तथा अभिभावकमाथि आर्थिक भार थपिएको भन्दै उनीहरूले निर्णयमा पुनर्विचार गर्न माग राख्दै तीनदिन देखि क्याम्पसमा प्रर्दशन गरिआएका छन् । शुल्क निर्धारण गर्दा विद्यार्थी तथा सरोकारवालासँग आवश्यक छलफल र सहमति गर्नुपर्ने आन्द्योलनरत विद्यार्थीहरूको माग छ ।

माग सम्बोधन नभएसम्म आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने विद्यार्थीहरूको भनाइ छ । आन्दोलनको नेतृत्व स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का अध्यक्ष भूपेन्द्र बस्नेतले गरिरहेको जनाइएको छ ।

## लागुऔषधसहित पक्राउ

**दमक**/लागूऔषधसहित झापामा पाँचजना पक्राउ परेका छन् । प्रहरीका अनुसार प्रहरी चौकी घेराबारीबाट खटिएको प्रहरी टोलीले कचनकवल गाउँपालिका-१ बनियाभिट्टाबाट कचनकवल गाउँपालिका-१ का २४ वर्षीय धिरेन केरुङ, २८ वर्षीय नानुङ लिम्बू, भद्रपुर नगरपालिका-४ का ३४ वर्षीय दिपेश माझी र २४ वर्षीया मिना राईलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट १ ग्राम २० मिलिग्राम ब्राउन सुगर र मे.३ प २३४१ नम्बरको मोटरसाइकल बरामद भएको छ ।

त्यस्तै अस्थायी प्रहरी चौकी बुट्टाबारी र इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको संयुक्त प्रहरी टोलीले बिर्तामोड नगरपालिका-६ का ३४ वर्षीय पदम चौधरीलाई पक्राउ गरेको छ। उनको साथबाट २९० मिलिग्राम ब्राउन सुगर फेला परेको छ ।

यसैगरी सुनसरीको कोशी गाउँपालिका-४, कोशी कटानबाट ११ किलो १२० ग्राम गाँजासहित एक जना पक्राउ परेका छन् । पूर्वबाट पश्चिमतर्फ पैदल आइरहेका धनकुटाको साँगुरीगढी गाउँपालिका-८ का २८ वर्षीय चरन राईलाई शंकाको आधारमा प्रहरीले रोकेर झोला खानतलासी तथा चेकजाँच गर्दा ११ किलो १२० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले राईलाई लागुऔषध गाँजासहित नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सुनसरीमा ल्याएको प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# झापामा जापानी इन्सेफलाइटिस् विरुद्ध खोप लगाइने

**दमक/** जापानी इन्सेफलाइटिस् (जेई) संक्रमणबाट मृत्यु हुनेको संख्या बढ्दै गएपछि सरकारले झापामा खोप अभियान सञ्चालन गर्ने तयारी थालेको छ । झापा नेपालमा सबैभन्दा बढी प्रभावित क्षेत्र हो ।

पछिल्लो समय वयस्कसमेत जेई संक्रमणबाट प्रभावित हुन थालेपछि सरकारले पहिलो चरणमा झापाका ३० वर्षभन्दा माथिका नागरिकलाई खोप लगाउने निर्णय गरेको हो ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरुका अनुसार बालबालिकाका लागि खरिद गरिएको जेई खोपलाई तत्कालका लागि अभियानमा प्रयोग गरिनेछ । थप खोप खरिद भएपछि प्रयोग भएको मात्रा शोधभर्ना गर्ने योजना सरकारको छ । झापामा जापानी इन्सेफलाइटिस (जेई) संक्रमणबाट हालसम्म ६ जनाको मृत्यु भएको छ । मेचीनगरमा दुईजना, बिर्तामोडमा एकजना, अर्जुनधारा एकजना, बाह्रदशीमा एकजना र हल्दीबारीमा एकजनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख वृजकुमार दासले जानकारी दिए ।

झापामा १० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका प्रमुख दासले बताए । उनका अनुसार सरकारसँगको समन्वयमा केही दिनमा नै झापामा खोप आइपुग्ने र प्रभावित क्षेत्रमा खोप अभियान सञ्चालन गरिने भएको छ । बाँकी ४ पेजमा ▸▸


**जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि.**
**JANAMAITRI MULTIPURPOSE CO-OPERATIVE LTD.**
पुरानो थिमी, मध्यपुर थिमी न.पा.-६, भक्तपुर, ☎ : ०१-६६३६४०९, Email: janamaitrisaving@gmail.com

**कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने जरुरी सार्वजनिक सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८३/०५/०९ गते मंगलबार पूर्व सन्देश दैनिक**

यस जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि.बाट तपशीलमा उल्लेखित ऋणीले विभिन्न शीर्षक अन्तर्गत कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिँदाको बखत तोकिएको भुक्तानी तालिमका अनुसार कर्जाको तिर्नु पर्ने किस्ता, ब्याज (सावा ब्याज) तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कुविलिय उल्लंघन गर्नु भएको र पटक-पटक मौखिक एवम् लिखित तर/तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र ऋणको सम्पुर्ण सावाँ, व्याज र हर्जना चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी नीति तथा असुली नीति एवं प्रचलित कानुन बमोजिम कर्जा असुली न्यायधीकरणमा मुद्धा दर्ता गरी ऋणी सदस्यहरुको लेना रकम असुल गर्ने प्रक्रिया अगाडी बढाइने छ। असुल उपर कार्वाहिको सिल सिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पुर्ण खर्च समेत ऋणीबाटै असुलउपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**ऋणीको विवरण :**

नाम : शान्ता खड्का
बाबु : गोपीलाल खड्का
बाजे : डम्बर ब. खड्का
पति: कर्ण बहादुर खड्का
वतन : दुम्मान-८, भोजपुर
हाल : गौरादह-९, झापा
ना.नं. ०९३०६२/७०९
जारी मिति : २०६३।११।११



**जमानीकर्ताको विवरण :**

नाम : राधादेवी खत्री
बाबु : जगत बहादुर खत्री
पति: दुर्गा बहादुर कटुवाल
वतन : सगरमाथा,उपदयपुर पेलटार-८
हाल : गौरादह-९, झापा
ना.नं. स.उ. ९८६३
जारी मिति : २०४६।०३।१८



**धितो दिएको जग्गाको विवरण**

| जिल्ला | नपा/गापा | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|---|---|
| झापा | बैगुनधुरा | ३ | १७९०५०२ | ९६८ | ०.०.०.०<br>३३८,६३ | शान्ता खड्का |

## सम्पादकीय

# बाल अधिकार र नैतिक शिक्षाको खाँचो

समाजमा दिनानुदिन अपराधिक घटना बढ्दै गएका छन् । अमानवीय अपराधहरु दिनप्रतिदिन बढ्नुका पछाडि बहुआयामिक सामाजिक तथा संरचनागत कारणहरु जिम्मेवार छन् । अपराध गरेर पनि सजिलै उम्कन सकिन्छ भन्ने मानसिकताले अपराधीहरुमा कानुनको डर समाप्त हुँदै गएको छ । सामाजिक सञ्जालको अवाञ्छित प्रयोग र लागुपदार्थको दुर्व्यसनले युवा पुस्ताको मानसिक सन्तुलन बिगारिरहेको छ ।

बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिकाकी ३ वर्षीया बालिका गरिमा चौधरीमाथि भएको पाशविक बलात्कार र हत्याको घटनाले नेपाली समाज, न्याय प्रणाली र राज्यको सुरक्षा संयन्त्रमाथि गम्भीर प्रश्नचिन्ह उभ्याएको छ । बालबालिकामाथि अमानवीय अपराधहरुले केवल एउटा परिवारको काख रित्याएका छैनन्, समग्र सभ्य समाजको चेतना र राज्यको उपस्थितिमाथि नै ठाडो व्यंग्य गरेका छन् ।

३१ साउनमा घरबाट हराएकी अबोध बालिकाको खोजीका क्रममा देखिएको क्रूर यथार्थले जो कोहीलाई स्तब्ध बनाएको छ । चकलेटको प्रलोभन देखाएर सुनसान घरमा लगि बलात्कारपछि हत्या गर्ने १६ वर्षीय किशोर स्वयम् खोजी कार्यमा पीडित परिवारसँगै सामेल भएर नाटक गरिरहेका थिए भन्ने सुन्दा समाजमा मानवीय संवेदना कुन हदसम्म खस्किसकेको छ भन्ने प्रस्ट हुन्छ । प्रहरीको तालिमप्राप्त कुकुरको संकेतबिना यो रहस्य खुल्ने थिएन, जसले हाम्रो सुरक्षा र अनुसन्धानको दायरा अझै परिष्कृत र वैज्ञानिक बन्नुपर्ने खाँचो औंल्याएको छ ।

यस जघन्य घटनापछि उत्पन्न जनआक्रोशका कारण गृह मन्त्रालयमा भएको उच्चस्तरीय छलफलमा पीडित परिवार र सरकारबिच तीन बुँदे सहमति भएको छ । जसमा विद्यमान कानुनको कसूर र सजायको व्यवस्था पुनरावलोकन गरी सुझावसहितको प्रतिवेदन ७ दिनभित्र पेस गर्ने, ७ सदस्यीय 'गरिमा न्याय संकल्प समिति' गठन गर्ने र बालिकाको सालिक निर्माण तथा रीतिरिवाज अनुसार अन्त्येष्टि गर्ने उल्लेख छ । तर, घटनाको अत्यधिक संवेदनशीलतालाई बेवास्ता गर्दै राज्यका जिम्मेवार निकायहरुको सुरूवाती सुस्ती र मन्त्रीहरुको सतही प्रचारमुखी शैली चर्को आलोचनाको विषय बनेको छ । जनताको ठुलो आशा बोकेर सत्तामा पुगेका दलहरुबाट नागरिकको जीवनरक्षाभन्दा सस्तो लोकप्रियताको खोजी हुनु अत्यन्तै दुःखद् पक्ष हो ।

अझै पनि पितृसत्तात्मक सोच र शक्ति असन्तुलनका कारण कमजोर वर्ग र बालबालिकामाथि अधिकारको दुरूपयोग गर्ने प्रवृत्ति कायमै छ । यसका साथै, अनुसन्धानमा हुने ढिलासुस्ती र जटिल कागजी प्रक्रियाले पीडितलाई न्याय दिनुको साटो अपराधीहरुलाई नै थप मलजल गरिरहेको छ ।

अब केवल कागजी सहमति र शालिक निर्माणले मात्र यस्ता जघन्य अपराधहरु न्यूनीकरण हुन सक्दैनन् । यसका लागि राज्यले तत्काल कठोर कदम चाल्नुपर्छ । बाल बलात्कार र जघन्य हत्याका मुद्दाहरुको सुनुवाइ गर्न विशेष अदालत गठन गरी महिना दिनभित्र अन्तिम फैसला आउने कानुनी व्यवस्था गरिनुपर्छ । यस्ता अमानवीय अपराधमा कुनै पनि किसिमको उन्मुक्ति वा सजाय छुट नहुने गरी जन्मकैद वा आजीवन कारावासको कडा कानुनी प्रावधान हुनुपर्छ । स्थानीय तहसम्मै विशेष बाल सुरक्षा र मनोसामाजिक परामर्शसहितको सशक्त संयन्त्र निर्माण गर्नुका साथै विद्यालय तहदेखि नै बाल अधिकार र नैतिक शिक्षा अनिवार्य गरिनुपर्छ ।

## सामाजिक सञ्जाल

# सर्वोच्चले भन्यो- दुर्गा प्रसाईंको बन्दी प्रत्यक्षीकरण रिटमा कारण देखाऊ

दमक/ सर्वोच्च अदालतले दुर्गा प्रसाद प्रसाईंको बन्दी प्रत्यक्षीकरण रिट निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै विपक्षीहरूका नाममा कारण देखाऊ आदेश जारी गरेको छ । सोमबार न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले उक्त आदेश जारी गरेको हो ।

दुर्गा प्रसाद प्रसाईंको हकमा उनकी श्रीमती उमा प्रसाईंले जिल्ला प्रहरी परिसर भक्तपुरसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेकी थिइन् । उक्त रिट निवेदन माथिको प्रारम्भिक सुनुवाइपछि अदालतले विपक्षीहरूको नाममा म्याद जारी गर्ने निर्णय गरेको हो ।

सुनुवाइका क्रममा न्यायाधीश निरौलाको इजलासले निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो भनी विपक्षीहरूसँग प्रश्न गरेको छ ।

अदालतले जारी गरेको आदेशमा भनिएको छ, 'आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण खुलाई यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू ।'



विपक्षीहरूले म्यादभित्र लिखित जवाफ बुझाएपछि वा उक्त अवधि नाघेपछि नियमानुसार मुद्दा पेस गर्न समेत अदालतले निर्देश गरेको छ ।

यसका साथै, सर्वोच्च अदालतले दुर्गा प्रसाईंको घर खानतलासी गर्दा बरामद भएका सामानहरु समेत पेसीको दिन अदालतमा उपस्थित गराउन आदेश दिएको छ ।

निवेदनसाथ भदौ ४ गतेको खानतलासी पूर्जीबमोजिम प्रसाईंको घर खानतलासी हुँदा बरामद भएका भनिएका सामानहरु पेसीको दिन लिएर आउन विपक्षी जिल्ला प्रहरी परिसर भक्तपुरका नाममा लेखी पठाउन पनि अदालत आदेश जारी गरेको छ ।

# नेपालमा संविधान संशोधनको सवाल



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**उच्च आयवर्ग तथा मध्यम आयवर्गका उपभोक्ताहरुले मूल्यवृद्धिको भारलाई केही मात्रामा सहन गर्न सक्ने तर निम्न आय वर्गका नागरिकहरुले मूल्य वृद्धिको असहज हुँदै गइरहेको दबाब र भारलाई अलिकति पनि सहन गर्न नसक्ने अवस्थाहरु सिर्जना हुँदै गइरहेकोमा सरकारको ध्यान आकर्षण हुनु जरूरी छ ।0**

नेपालको राज्य सञ्चालनमा संविधान, संसद, सरकार, राजनैतिक दल र कर्मचारी तन्त्रको भूमिका सर्वाधिक चर्चा र बहसको विषयवस्तु बन्ने गरेको छ । नेपालको संविधान एउटा लचिलो संविधान भएको हुनाले संविधानमा संशोधन गरी देश र जनताको आवश्यकता अनुसार राम्रो र नयाँ कानुनहरु निर्माण गर्न सकिन्छ । आकस्मिक रूपले उत्पन्न हुन सक्ने मानव सिर्जित उत्पात र प्राकृतिक घटना तथा दुर्घटनाहरूबाट देशलाई जोगाई देशमा स्थिरता शान्ति र सुशासन बहाल गरी देशलाई विकासको पथमा अग्रसर गराउन सकिन्छ ।

संविधानभित्र रहेका असान्दर्भिक कुराहरूलाई हटाएर परिवर्तित युगको बदलिँदो परिस्थितिअनुसार समय सापेक्ष ढंगले विश्वमा स्थापित गणतन्त्र र लोकतन्त्रको मान्यता अनुसारको मार्गचित्रमा संविधानलाई प्रगतिशील बनाइरहने कार्यमा देशैभरिबाट निर्वाचित भएर संसदमा पुगेका जनताका प्रतिनिधिहरु आफ्नो स्तरबाट निरन्तर रूपमा लागिरहनु पर्दछ ।

नेपालमा संवैधानिक विकासको जल्दो बल्दो आयामसँगै जनताको आर्थिक सामाजिक र सांस्कृतिक विकास पनि सुनिश्चित हुने भएकोले जनजीब्रोमा संविधान संशोधन प्रति चासो जनतामा उत्पन्न हुनु स्वाभाविक नै हो । नेपालमा गणतन्त्रको स्थापना भएपछि एकातिर २६४ वर्ष पुरानो राजतन्त्र भएको राज्य सत्ताको अस्तित्व अब इतिहासमै सीमित हुने भएपनि राजतन्त्रका धुकधुकीहरु अझै पनि पूर्व राजा ज्ञानेन्द्र शाहको अन्तरमनमा जीवित रहेको झझल्को उनले दिएका बयानहरु बाट नै प्रष्ट हुन्छ ।

नेपालमा शाही राजतन्त्रलाई पुनः स्थापना गराउने लक्ष्य लिएका केही राजनीतिक दलहरु पनि बेलाबेलामा आवाज उठाइरहेका भेटिन्छन् । अर्कोतिर संघीयताले गर्दा राज्य सञ्चालनमा खर्चको बोझ निरन्तर रूपमा बढ्दै गइरहेको छ र प्रदेश स्तरमा निर्वाचित जनप्रतिनिधिहरूले तलब भत्ता खानु बाहेक कुनै खास मौलिक कार्यहरु गर्न सकेका छैनन् भन्ने आशयका कुराहरु सत्तावृत्तमा उठिरहँदा त्यसैको आधारमा प्रदेश सभामा निर्वाचित हुने प्रतिनिधिहरूको सत्र्यालाई उल्लेखनीय रूपमा घटाउने प्रस्तावहरु संसदमा बहसको लागि र छलफलको लागि सरकारले लाने तयारी गरि रहेको देखिन्छ ।

प्रदेश सभालाई खारिज नै गर्नुपर्यो भने पनि पछि नहट्ने सरकारको मनसायले संघीयता, समावेशीकरण र सामाजिक न्यायको लागि पटकपटक आन्दोलन गर्ने मधेशवादी दलहरु तथा देशैभरि छरिएर रहेका संघीयता पक्षधर र विचारकहरूले यस सम्बन्धमा आफ्नो चासोलाई संचार माध्यमहरूमा व्यक्त गर्न थालेका छन्। संविधान नै दिगो बन्न सकेन भने सरकार कसरी दिगो हुन्छ भन्ने प्रश्नहरु जनस्तरबाट उठान हुन थालिसकेको छ । देश भरिका जनताहरूले पाइराख्ने संवैधानिक अधिकारहरु लाई अझ उदार र व्यावहारिक बनाउनुपर्ने ठाउँमा सरकारले प्रदेश सभालाई भङ्ग गर्ने र संघीयतालाई खुम्च्याउँदै लैजाने कार्यले देशलाई कति भलो गर्दछ भन्ने कुरा इतिहासले नै मूल्यांकन गर्ने हो । संविधानका प्रस्तावनाहरु र मूल मुद्दाहरु नै परिवर्तन गर्ने सवालमा अहिले सत्तापक्ष र विपक्षमा घोषित र अघोषित रूपमा घम्साघम्सी हुने अवस्थाहरु पनि सिर्जना हुन लागिसकेको छ । त्यस्तै हालसालै देशैभरि सृजना हुँदै गइरहेको सामाजिक सद्भाव र राष्ट्रिय एकतामा खलल पुग्न सक्ने किसिम बाट दुई समुदाय बीच देखा परेको असहमति र झै झगडा ले साम्प्रदायिक रूप लिँदा मधेस तराईमा ठूलो आगो लागेको थियो र करोडौंको धनजनको क्षति बेहोर्नु परेको थियो ।

नेपाल सरकारका युवा गृहमन्त्री सुदन गुरूङको पहलमा दुई समुदायका बीच सामन्जस्य र सहकार्य गर्ने सहमति गर्दा खेरि नेपाललाई किरात र बौद्धसहितको हिन्दू राष्ट्र भन्ने शब्द लेखी संविधानमा संशोधन गर्नुपर्यो, भन्ने सम्मका कुराहरूमा पनि सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरूङले आश्वासन जनाएपछि हिन्दु सम्राट सेना लगायतका सनातन हिन्दू धर्म र संस्कृति सँग सम्बन्धित विभिन्न संघसंस्था तथा संगठनहरूले माग पत्रमा हस्ताक्षर गरी सरकारलाई सर्वदलीय रूपमा र संसदमा बहसको लागि प्रस्तावको रूपमा लाने कुरामा पनि सहमति भएको छ ।

यी कुराहरूले पनि अब हुने संविधान संशोधनमा धर्मनिरपेक्ष भन्ने शब्दको साटो किरात र बौद्धसहितको हिन्दू राष्ट्र भन्ने परिचय नेपालको राष्ट्रियतासँग जोडिने हो कि भन्ने विचारहरू प्रति पनि जनस्तरमा चर्चा परिचर्चाहरू प्रारम्भ भइसकेको छ । यसको साथै नेपालको जनसांख्यिक बनोटमा अप्रत्याशित रूपले परिवर्तन गराउँदै लगिरहेको विदेशबाट आयातित धार्मिक आस्थालाई मान्ने समुदाय हरु बाट पनि संविधानमा परिवर्तन गराउनको लागि पेश हुन लागेको यस्ता खाले प्रस्तावहरूको बारेमा चासो र प्रतिक्रियाहरू बिस्तारै बिस्तारै आउन थालिसकेको छ ।

नेपाललाई दंगा फसाद मुक्त राष्ट्र कसरी बनाउने हो भन्ने सन्दर्भमा सरकार अत्यन्त नै गम्भीर भएर लागिसकेको छ र नेपालकै मित्रराष्ट्र मानिने भारत पाकिस्तान बांगलादेश, लगायतका मुलुकहरूमा धार्मिक अलगाव वाद, बितण्डाबाद र धार्मिक जेहादले जुन किसिमको उग्ररूप धारण गर्दै हिंसात्मक बन्न थालेको छ, त्यसप्रति अझ गम्भीर हुन नेपाल सरकारलाई बाध्य बनाउन थालिसकेको छ ।

बंगालादेशमा पाकिस्तानी तबलिकी जमातका जेहादी मानसिकताका युवाहरूको बढ्दो दबावले बांगलादेश अब आतंक निर्यात गर्ने देशको रूपमा आफूलाई चिनाउने सम्भावनाहरु बढ्दै गइरहेका छन् । पाकिस्तान आफ्नो स्थापना कालदेखि नै आतंकवादलाई भारतविरूद्ध प्रयोग गरेर कयौंपटक भारतसँग युद्धलाई निम्त्याइसकेको अवस्थाको गम्भीरता बारे पनि अत्यन्त नै संवेदनशील भएर लाग्नुपर्ने आवश्यकता छ ।

म्यानमारबाट निकालिएका बंगागलादेशी रोहिङ्या मुस्लिम शरणार्थीहरूलाई बंगालादेशले पनि आफ्नो देशभित्र बंगागलादेशी नागरिक सम्म स्वीकार नगर्ने अवस्थामा ती रोहिंग्या शरणार्थीहरू अवैध तरिकाबाट भारततिर प्रवेश गर्ने र भारतमा पनि लुकिछिपी बस्ने तथा भारतबाट नेपालतिर प्रवेश गर्न सजिलो र सुरक्षित देखेपछि नेपालमा दीर्घकालीन रूपमा बसोबास गर्दै जाने र नेपालका रैथाने मुस्लिमहरु माझ घुलमिल हुँदै जाने अवस्थाले सिर्जना गरेको र जनसांख्यिक बनोटमा परिवर्तन हुँदै जाने चिन्ताले देशको आम जनतालाई सताउन थालेको सन्दर्भमा सरकारलाई पनि यस सम्बन्धमा अझ कडा रूपमा रोहिंगिया शरणार्थीप्रति व्यवहार गर्न बाध्य बनाउन लागिरहेको छ, तथा संविधानमाथि संशोधन गर्नुपर्ने दबाब लगातार रूपमा बढ्न थालेको छ ।

नेपालमा जननिर्वाचित संसद छ । संसदले बहुमत प्राप्त दलका नेतालाई प्रधानमन्त्रीको रूपमा छनोट गरी कार्यपालिका व्यवस्थापिका र न्यायपालिकालाई सन्तुलित ढंगले सञ्चालन गर्ने दिशामा सरकारले निरन्तर रूपमा कार्यहरु गरिरहेको छ । तर पनि देशभित्र सबै कुरो अहिले नै ठिक भइसकेको जस्तो ठोकुवा गर्न सकिँदैन । संसदभित्र सामाजिक न्याय, समावेशीकरण, पारदर्शिता र विधिको शासनको पक्षमा लगातार रूपमा आवाजहरु उठ्न थालेको छ ।

संसदभित्र सेनाको भूमिकाहरूबारे पनि सवालहरु उत्पन्न हुन थालेको छ । देशभित्र देखा पर्न सक्ने जस्तोसुकै अराजक र अनियन्त्रित तथा हिंसात्मक हुँदै गइरहेको भिडलाई नियन्त्रण गर्न सुरक्षा संयन्त्र आवश्यक हुन्छ ती सुरक्षा संयन्त्रले भिडलाई नियन्त्रण गर्दा अत्याधिक बल प्रयोग गर्यो भने धेरै संख्यामा मानिसहरू घाइते हुन्छन् र मारिन्छन् तथा सरकारले यसको जिम्मेवारी लिनुपर्ने हुन्छ । सेनालाई आधुनिक करण गर्ने र लोकतान्त्रिकरण गर्ने मागहरु धेरैपटक उठिसकेको छ ।

देशलाई सैनिकीकरण गर्नेतिर होइन लोकतान्त्रिकरण गर्नेतिर लाग्नुपर्दछ । देशको अर्थतन्त्रलाई सुदृढ बनाउन सरकारले गरिरहेको प्रयासलाई जनताको आँखा अगाडि ल्याउनु आवश्यक छ । नेपालका भुइतहमा रहेका जनताले सरकारबाट आश्वासन बाहेक केही पनि पाउन सकेका छैनन् ।


भुई तहका जनताको गाँस बास कपास शिक्षा स्वास्थ्य रोजगारी सुरक्षा लगायतका कुराहरु अहिलेसम्म सरकारले खुलस्तरूपमा बहाल गर्न सकेका छैनन् । उच्च आर्थिक तहका जनताले सरकारबाट विशेष किसिमका सुविधाहरु पाइरहने तर गरिबहरूले सानोतिनो सुविधाहरू पाउनको लागि पनि भौतारिएर हिँड्नुपर्ने अवस्था बारे सरकारले चिन्तन मनन गर्नु जरूरी छ ।

उच्च आयवर्ग तथा मध्यम आयवर्गका उपभोक्ताहरूले मूल्यवृद्धिको भारलाई केही मात्रामा सहन गर्न सक्ने तर निम्न आय वर्गका नागरिकहरूले मूल्य वृद्धिको असहज हुँदै गइरहेको दबाब र भारलाई अलिकति पनि सहन गर्न नसक्ने अवस्थाहरु सिर्जना हुँदै गइरहेकोमा सरकारको ध्यान आकर्षण हुनु जरूरी छ ।

देशको संविधानलाई नेपालको अतीत वर्तमान र भविष्यसँग प्रत्यक्षरूपमा जोडेर सबै किसिमका विवाद हरूलाई समाधान गर्नु र जनता जनता बीचको सौहार्द्रता र मनलाई जोड्नु जरूरी छ ।

# रंगशालाको ऋण र राज्यको उपेक्षा

## 'न राज्यले मेरो आवाज सुन्यो, न त आफ्नो पीडा मन खोलेर सुनाउने अवसर नै पाएँ'



कविता श्रेष्ठ

एउटा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउने सपना देखेर देशभरका नागरिकलाई जोड्दै अभियान थालेका हास्य कलाकार सीताराम कट्टेल 'धुर्मुस' अहिले त्यही सपनाको ऋण बोकेर फेरि विदेशिएका छन्। आफ्नै देशमा न्याय पाउने आशासहित दुई महिनाअघि छोरी लिएर नेपाल फर्किएका उनी अन्ततः निराश हुँदै अमेरिका प्रस्थान गरेका हुन् ।

देश छाड्नुअघि कट्टेलले आफ्नो आधिकारिक फेसबुक अकाउन्टमार्फत आफ्नो पीडा सार्वजनिक गरे। उनले आफू नेपाल फर्किँदा यसपटक भने राज्यबाट न्याय पाउने, आफ्नै माटोमा दुःख-सुख साट्ने र पहिलेजस्तै नेपा लीलाई हँसाउने ठूलो सपना बोकेको बताएका छन्। तर, दुई महिनासम्म निरन्तर प्रयास गर्दा पनि आफूले राज्यका निकायबाट अपेक्षित सहयोग र न्याय नपाएको उनको गुनासो छ ।

कट्टेलका अनुसार उनले चितवनको भरतपुरमा रंगशालासँग जोडिएको ऋण दायित्व समाधानका लागि पटक(पटक सरकारी निकाय धाए। सिंहदरबारदेखि भरतपुर महानगरपालिकासम्म पुगेर समस्या समाधानका लागि आग्रह गरे। तर, समस्या समाधान हुनुको सट्टा संघीय सरकारले ऋण दायित्व सम्बोधन गर्न छुट्याएको भनिएको १५ करोड रूपैयाँसमेत उपयोग हुन नसक्ने अवस्था बनेको उनले बताएका छन् ।

संघीय सरकारले रंगशालाको पुरानो ऋण दायित्व फछ्र्योटका लागि १५ करोड रूपैयाँ निकासा गर्ने निर्णय गरेको थियो। तर, सार्वजनिक खरिद ऐन, लेखापरीक्षण प्रक्रिया तथा भ्याट बिललगायतका कानुनी र प्राविधिक विषयका कारण भरतपुर महानगरपालिकाले उक्त रकम फाउन्डेसनलाई हस्तान्तरण गर्न सकेको छैन । कट्टेलले यही प्रक्रियागत जटिलताका कारण रकम फ्रिज हुने अवस्था आएको भन्दै असन्तुष्टि जनाएका छन् ।

यो विवादको जड भने गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणसँग जोडिएको छ । धुर्मुस(सुन्तली फाउन्डेसनले २०७५ साल माघ १६ गते भरतपुर महानगरपालिकासँग सम्झौता गर्दै जनस्तरबाट सहयोग जुटाएर अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा गरेको थियो । नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार दिने उद्देश्यले सुरू भएको यो अभियानले सुरूवातमा देश-विदेशबाट उल्लेख्य समर्थन पाएको थियो ।

रंगशाला निर्माणका क्रममा विभिन्न व्यक्ति, संस्था, व्यवसायी र सर्वसाधारणबाट सहयोग जुटाइएको थियो । निर्माणको काम अघि बढ्दै गर्दा कोभिड(१९ महामारी फैलियो। महामारीका कारण आर्थिक स्रोत संकलन प्रभावित भयो र निर्माणका लागि आवश्यक रकम जुट्न नसक्दा परियोजना रोकियो ।

निर्माण रोकिएपछि रंगशालाका लागि सामग्री उपलब्ध गराएका स्थानीय आपूर्तिकर्ता, हार्डवेयर व्यवसायी तथा कामदारको भुक्तानी बाँकी रह्यो। यसरी फाउन्डेसनमाथि करिब १८ करोड ४३ लाख रूपैयाँको ऋण तथा बक्यौता दायित्व सिर्जना भयो । आर्थिक रूपमा परियोजना अघि बढाउन नसक्ने अवस्था आएपछि फाउन्डेसनले २०७८ सालमै भरतपुर महानगरपालिकालाई लिखित पत्र पठाउँदै रंगशालाको स्वामित्व ग्रहण गरिदिन आग्रह गरेको थियो । त्यसपछि परियोजनाको स्वामित्व राज्यतर्फ जाने प्रक्रिया अघि बढ्यो ।

यसबीच त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसले रंगशालाको प्राविधिक तथा वित्तीय मूल्यांकन गरेको थियो । मूल्यांकनमा फाउन्डेसनले रंगशाला निर्माणमा करिब ५७ करोड ९२ लाख रूपैयाँ बराबरको काम गरिसकेको देखिएको थियो । त्यसमध्ये १८ करोड रूपैयाँभन्दा बढी रकम भने विभिन्न पक्षलाई भुक्तानी गर्न बाँकी रहेको पुष्टि भएको थियो ।

लामो समयसम्म अलपत्र परेको रंगशालाको बाँकी निर्माण कार्य अहिले संघीय सरकार र बागमती प्रदेश सरकारको साझेदारीमा भरतपुर महानगरपालिकाले ठेक्कामार्फत अघि बढाइरहेको छ । अर्थात्, फाउन्डेसनले सुरू गरेको रंगशालाको भौतिक संरचना निर्माणको जिम्मेवारी अन्ततः राज्यले लिएको छ । तर, संरचना राज्यको स्वामित्वमा पुगे पनि त्यस क्रममा सिर्जना भएको ऋण र बक्यौता रकम कसरी फछ्र्योट गर्ने भन्ने विषय अझै जटिल बनेको छ ।

यही ऋणको बोझ अहिले धुर्मुसका लागि सबैभन्दा ठूलो समस्या बनेको छ । ऋणदाताहरूले फाउन्डेसन र आफूलाई दैनिकजसो आर्थिक तथा मानसिक दबाब दिइरहेको कट्टेलको भनाइ छ । समस्या समाधानका लागि सरकारी कार्यालय धाउँदा पनि ठोस निकास ननिस्किएपछि आफू शारीरिक र मानसिक रूपमा थकित बनेको उनले बताएका छन् ।

कट्टेलले आफ्नो जीवनको करिब एक दशक समाजसेवामा समर्पण गरेको पनि स्मरण गरेका छन् । २०७२ सालको विनाशकारी भूकम्पपछि उनले काभ्रे, सिन्धुपाल्चोक, महोत्तरी र रौतहटमा नमुना एकीकृत बस्ती निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका थिए। त्यसपछि क्रिकेट रंगशाला निर्माणको अभियानमा लागेका उनले आफ्नो व्यक्तिगत लोकप्रियता र सामाजिक सञ्जालको प्रभावलाई समेत जनसहयोग जुटाउन प्रयोग गरेका थिए ।

अहिले भने त्यही समाजसेवाको यात्राबाट सिर्जिएको आर्थिक दायित्वका कारण देश छाड्नुपरेको अवस्था आएको उनको भनाइ छ । उनले आफ्नै देशमा इमानदारीका साथ केही गरौँ र आफ्नो माटोलाई केही दिऔँ भन्ने सपना देख्नेहरूको नियति यस्तै हुने हो कि भन्ने प्रश्नसमेत उठाएका छन् ।

देश छाड्दा कट्टेलले राज्यप्रति पूर्ण निराशा मात्र व्यक्त गरेका छैनन्, भविष्यप्रति एउटा झिनो आशा पनि राखेका छन् । कुनै दिन राज्यले आफूहरूको पीडा बुझ्ने, समयले सत्य बोल्ने र आफ्नो संघर्षको मूल्यांकन हुने विश्वास उनले व्यक्त गरेका छन्। 'आफ्नै देशमा न्याय खोज्दा आफ्नै आवाज बेवारिसे भएको' अनुभूति भएको भन्दै उनले त्यो दिनको प्रतीक्षा गरिरहने बताएका छन् ।

यसरी नेपाली क्रिकेटको पूर्वाधार निर्माण गर्ने ठूलो सपना बोकेर सुरू भएको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको कथा अहिले केवल एउटा अधुरो निर्माण परियोजनाको कथा मात्र बनेको छैन । यो जनसहयोग, समाजसेवा, आर्थिक दायित्व, सरकारी प्रक्रिया र जिम्मेवारीको प्रश्नसँग जोडिएको जटिल विषय बनेको छ ।

# झापामा पहिलो पटक मखना खेती गरिँदै



भद्रपुर/ पछिल्लो समय मखना खेतीतर्फ कृषकको आकर्षण बढ्दै गएको छ । झापाको कचनकवलमा नेपालमै पहिलो पटक मखना खेती सुरू भएको छ ।

स्थानीय कृषक साहिल सेख, कलिम अन्सारी लगायतका अगुवा कृषकहरूले कचनकवल ४ मा यसै बर्षबाट करिब २०० विगाह क्षेत्रमा व्यावसायिक मखनाको खेती सुरू गरेका हुन् ।

यो खेती नेपालमै पहिलोपटक गर्न लागिएको कृषक साहिल सेखको दाबी छ । आफुले यस बर्ष मात्रै स्थानीय अन्य कृषकको १२२ विगाह जमिन भाडामा लिएर खेती सुरू गरेको सेखले बताए ।

भारतमा नगदे बालीका रूपमा लामो समयदेखि गरिदै आएको यो खेतीका लागि निरन्तर जमेको पानी हुनुपर्ने झापाको कचनकवलमा माटोको बनावट र होचो भुभागका कारण खेती गर्न सहज हुने बताइएको छ ।

हाल दैनिक १०० जना भारतीय तालिमप्राप्त मजदुरहरू मखना टिप्ने कामका लागि रोजगारीमा रहेको अगुवा कृषक साहिल सेखले बताए ।

खेती सुरू गर्नका लागि प्रतिबिगाह एक लाखदेखि डेढ लाख जति खर्च हुने र एक बिगाह क्षेत्रमा लगाएको मखनाबाट १५ सय केजीसम्म मखना उत्पादन हुने कृषकको दाबी छ । प्रशोधित मखना भारतमा प्रतिकेजी १५ सय भारतीय रूपियाँमा बिक्री भइरहेको छ । नेपालमै समेत ठुलो मात्रामा यसको उत्पादन सुरू भएकोले भारत लगायत तेस्रो मुलुकमा समेत निर्यातको प्रबन्ध मिलाइदिन सरकार समक्ष कृषकको माग रहेको छ ।


## प्रेरक भनाईहरु

- शिक्षाको अर्थ कुनै घडा भर्नु होइन, बरू भित्रको ज्योति बाल्नु हो ।
- जहाँ उत्साह हुन्छ, त्यही जीवन हुन्छ ।
- संसार आफैमा एक प्रयोगशला हो, तिमी जति प्रयोग गर्छौं, उत्तिनै सिक्नु र उत्कृष्टता हासिल हुनेछ ।
- मान्छे कहिल्यै पूर्ण हुँदैनन्, न त सन्तोषी ।
- चन्द्रमासम्म पुग्ने इच्छ महत्वकंक्षा हो, हृदयसम्म पुग्ने इच्छा बुद्धिमानी हो ।
- हरेक जीवन एउटा संभावना हो । यदि तपाईं त्यो संभावनालाई खुला राख्न चाहनुहुन्छ भने कसैप्रति कहिल्यै कुनै किसिमको धारणा नबनाउनुहोस् ।सद्गुरू
- जब तपाईं केही खानुहुन्छ, तब तपाईं धर्तीको एक अंशलाई आफुभित्र लिनुहुन्छ । अतः हामी धर्तीप्रति जस्तो व्यवहार गर्छौ, त्यस्तै व्यवहार हामी शरीरसँग गर्दछौ । सद्गुरू
- तपाईंका स्वास्थ्य अनि तपाईंका रोगहरू, तपाईंको आनन्द अनि दुःख कष्टहरू, सबै तपाईंभित्रबाट आउँछन् । यदि तपाईं खुसियाली चाहनुहुन्छ भने समय भएको छ, आफुभित्र फर्कन । सद्गुरू
- आफ्नो वास्तविक स्वरूपको ज्ञान, उद्यम, दुःख सहने शक्ति र धर्ममा स्थिरता यी गुणले मानिसलाई कुनै पनि पुरूषार्थ गर्नबाट रोक्न सक्दैन । तिनीहरू नै बुद्धिमान् भनेर चिनिन्छन् । विदुर नीति
- विज्ञान केवल तर्कको अनुयायी होइन, रोमान्स र उत्साह पनि हो । स्टिफन हकिङ्
- सफलता केवल त्यही व्यक्तिलाई प्राप्त हुन्छ, जसले यो तथ्य जानेको हुन्छ कि असफलता एक अनिवार्य हिस्सा हो ।

## पुस्तक साभार



### नेपालको इतिहास र समाज अध्ययन





✍ डा. सूर्यमनि अधिकारी

### कप्तान किनलक अभियान

गतांक.....कीर्तिपुर गोर्खाको अधीनमा गएपछि कान्तिपुरका राजा जयप्रकाश मल्लले अन्तिम दिन आउन लागेको महसुस गरे । अब उपत्यकाका तीनवटै राज्यहरु एकजुट भए पनि गोर्खालीहरूलाई परास्त गर्न नसकिने देखे । उपत्यकामा रहेर आफ्नो धर्म प्रचार गरिरहेका इसाई पादरीहरूले जयप्रकाश मल्ललाई अङ्ग्रेजहरूको भारतस्थित इस्ट इन्डिया कम्पनी सरकारसँग सहायता माग्ने सल्लाह दिए। जयप्रकाश मल्लको दिमागमा पनि यही एउटा अन्तिम उपाय सुझ्यो। उनले सहायताको अभ्यर्थना गरिएको पत्रसहित मुख्तार उम्दा र फकीर रामदासलाई प्रतिनिधि बनाएर भारतमा कम्पनी सरकारका अधिकारीसमक्ष पठाए । विभिन्न चरणमा विचार विमर्श भएपछि कम्पनी सरकारले जयप्रकाश मल्ललाई मदत गर्ने निर्णय गर्यो । कम्पनी सरकारका तर्फबाट पृथ्वीनारायण शाहलाई एक पत्र लेखी उपत्यकाको घेराबन्दी अविलम्ब हटाउनु, नहटाएमा अङ्ग्रेजहरूले बल प्रयोग गर्न बाध्य हुनुपर्नेछ भन्ने चेतावनी दिइयो ।

उक्त चेतावनीप्रति पृथ्वीनारायण शाहले बेवास्ता गरेपछि कम्पनी सरकारले वि.सं. १८२४ को शरदऋतुमा कप्तान किनलकको नेतृत्वमा अङ्ग्रेज अफिसरसहित २४०० हिन्दूस्तानी सिपाही भएको एउटा सैन्यदल जयप्रकाश मल्लको सहयोगार्थ पठायो । आक्रमणको योजना बनाउने र बाटो देखाउने काममा मुख्तार उम्दा र फकीर रामदासले सहयोग गरिराखेका थिए । अङ्ग्रेजहरु किन जयप्रकाश मल्लको सहयोगार्थ आए, यो प्रश्न विचारणीय छ–

(१) अङ्ग्रेजहरु पटनाबाट काठमाडौं हुँदै तिब्बतको राजधानी ल्हासासम्म व्यापार विस्तार गर्न चाहन्थे । पृथ्वीनारायण शाहले लगाएको आर्थिक नाकाबन्दीले यसमा अवरोध आइरहेको थियो ।

(२) गोर्खाको शक्ति बढ्दै गएमा भविष्यमा ब्रिटिस साम्राज्य विस्तारमा अड्चन पैदा हुनसक्ने देखेकाले अङ्ग्रेजहरु त्यसप्रति समयमै अङ्कुश लगाउन चाहन्थे ।

(३) नेपालको हरियो वन र शीतल पहाडी प्रदेशप्रति अङ्ग्रेजहरु आकर्षित भएका थिए । नेपालका राजाहरूलाई एकआपसमा लडाएर कमजोर बनाई आखिर यस क्षेत्रमा अधिकार कायम गर्ने उनीहरूको मनसाय हुन सक्छ ।

(४) उपत्यकामा आफ्नो धर्म प्रचार गरिरहेका इसाई पादरीहरूले पनि अङ्ग्रेजहरूलाई उक्साएका थिए ।

(५) युद्धको सम्पूर्ण व्यय जयप्रकाश मल्लले बेहोर्ने भएकाले अङ्ग्रेजहरूलाई युद्धका लागि लगानी गर्नुपर्ने थिएन । क्रमशः.....

## मनोरञ्जन

# नयाँ तीज गीत : "आँशु बरर..." सार्वजनिक





दमक/ दशकअगाडि पश्चिमे भाकाको 'चल गोविन्दे' गीतबाट लोकप्रिय भएका गायक सुरेश शाहीले यसपालीको तीजलाई लक्षित गर्दै नयाँ गीत ल्याएका छन् ।

उनले यस पटक यो गीत पश्चिम नेपालको शैलीको होइन । उनले पूर्वेली गायिका बिनुसा राईसँग मिलेर पूर्वेली भाकामै यो गीत गाएका छन् ।

सुमित्रा खड्काको शब्द रहेको 'आँशु बरर...' गीत सार्वजनिक गरिएको छ । गीतमा संगीत पनि शाहीले नै दिएका छन् ।

गीतमा पारिवारिक सम्बन्धदेखि वैदेशिक रोजगारीसम्मको कथा भनिएको छ । यस गीतमा सुनको मूल्य बढेकोमा पनि चिन्ता पोखिएको छ । आफूले २२ वर्ष अगाडि लेखेको गीत यही वर्ष गर्न पाएको जानकारी गीतकार खड्काले दिएकी छन् ।

गीतमा महिलाले बढ्दो सुनको मूल्यप्रति पतिसँग गुनासो गरेकी छन् । 'सुनको भाउ बढेर छोइसक्नु भएन' भन्दै उनले तीजमा गहना लगाउने चाहना पूरा गर्न नसकेको पीडा व्यक्त गरेकी छन् । त्यसको जवाफमा पतिले पनि आर्थिक अवस्थाको बाध्यता सुनाएका छन् ।

गीतको अर्को अन्तरा भने सासू-बुहारी सम्बन्धमा केन्द्रित छ । सासूले दूध नदिएको, बुहारीले घाँस नकाटेकोदेखि घरभित्रको सामान्य भनाभनसम्मलाई गीतले हास्यरसमा प्रस्तुत गरेको छ । अन्ततः 'सासू-बुहारी नमिलेको घर कहाँ छ ?' भन्ने भावमार्फत् सम्बन्धमा समझदारी चाहिने सन्देश दिन खोजिएको छ ।

त्यस्तै, नन्दले लगाउने कुरा र सासूको व्यवहारदेखि पति-पत्नीबीचको गुनासो पनि गीतमा समेटिएको छ । एउटै कुरा पटक-पटक भन्ने पतिको बानीदेखि आफूले बोलेका कुरा श्रीमतीले नसुन्नेसम्मका प्रसंगलाई रमाइलो संवादका रूपमा प्रस्तुत गरिएको छ ।

## स्वास्थ्य

### स्वास्थ्यमन्त्री मेहताद्वारा ट्रमा सेन्टरको निरीक्षण

# उर्लाबारीको मदन भण्डारी अस्पताललाई ५५ शैयामा स्तरोन्नति गरिने



उर्लाबारी/ स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले उर्लाबारी-३ स्थित मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरलाई ५५ शैयामा स्तरोन्नति गर्न संघीय सरकारले सहयोग गर्ने बताएकी छन् ।

आकस्मिक रूपमा अस्पतालको अनुगमन तथा निरीक्षण गर्न पुगेकी मन्त्री मेहताले आवश्यक जनशक्ति र पूर्वाधार निर्माण गरी ५५ शैयामा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै पर्याप्त दरबन्दी नभएका अस्पतालमा छात्रवृत्ति करारका डाक्टरलाई पठाउने व्यवस्थामा पनि नीतिगत सुधार गरिएको बताइन् । कुन सरकारले कुन औषधी निःशुल्क वितरण गर्ने हो भन्ने विषयलाई नागरिकले थाहा पाउने गरी सूचना पाटीमा टाँस्न उनले आग्रह गरेकी छन् । मन्त्री मेहताले भनिन् "नागरिक पनि सचेत हुनु पर्छ । सधैं सबै कुरा सरकारले मात्र गर्न सक्दैन । अब देशभरका सबै अस्पतालले सरकारले निशुल्क दिने औषधीको सूचि सूचना बोर्डमा नै राखिनु पर्छ"

स्वास्थ्य बिमा बन्द नभएको बताउँदै कतिपय मान्छेहरूले हल्ला फिँजाएका छन् । हरेक अस्पतालमा पुग्दा नागरिकको गुनासो बिमा किन बन्द गरेको भन्ने छ, उनले भनिन् । सरकारले बिमालाई व्यवस्थित गरेको मात्र हो, बन्द गरेको छैन । हामीले धेरै अनुसन्धान गरेर मात्र निजी अस्पतालमा बिमासेवा रोकेका हौं । पूर्ण रूपमा बन्द गरेका होइनौं ।

उनले भनिन्- 'जम्मा सात प्रतिशतले निजी अस्पतालबाट सेवा लिँदा रहेछन् । बिमाको सेवामा झुटा दाबी धेरै आएकोले ठगी खान खोज्नेहरूलाई कडाइ गरिएको हो ।

निजीमा बिमासेवा सञ्चालन गर्दा मासिक दुई अर्बदेखि सवा दुई अर्बसम्म सरकारलाई दायित्व रहेको उल्लेख गर्दै उनले जेठ १६ गते निजीबाट बिमासेवा हटाएपछि ८८ करोडदेखि एक अर्बसम्म बिमाको दाबी आउने जानकारी दिइन् । केही नीतिगत सुधार गरेर असोज वा कात्तिकसम्ममा स्वास्थ्य बिमा कार्यक्रम निजी अस्पतालमा समेत लागु गर्ने उनको भनाइ छ । सरकारसँग सीमित स्रोत रहेकोले यसो गरिएको हो । "हामी सरकारमा आउँदा बिमाको भुक्तानी दायित्व १८ अर्ब थियो । हामीले फागुनसम्मको भुक्तानी दिइसकेका छौं ।

निरीक्षणका क्रममा अस्पतालका डाक्टर योगेशकुमार मण्डलले प्रदेश सरकार मातहतमा रहेको अस्पतालमा पूर्वाधार र जनशक्तिको अभाव भएको जानकारी गराएका थिए । महेन्द्र राजमार्गसँगै जोडिएको यस अस्पताललाई कोशी प्रदेश सरकारले प्रदेशको ट्रमा अस्पतालका रूपमा विकशित गरिरहेको छ ।

अस्पतालका अनुसार आव २०८२/८३ मा ट्रमा सेन्टरबाट एक लाख ५६ हजार ७७२ जना बिरामीले उपचार सेवा लिएका थिए । पूर्वी मोरङ, पश्चिम झापा, दक्षिण इलाम र पाँचथरका समेत बिरामी पुग्ने यो अस्पताल कोशी प्रदेश सरकारमातहतको सबैभन्दा ठुलो अस्पताल हो ।

## जीवनशैली-खानपान

# घिउकुमारीको जुस पिउँदा के हुन्छ ?

आयुर्वेदिक परम्परामा शताब्दीयौंदेखि घिउ कुमारीको प्रयोग हुँदै आएको छ । यसको जुसले शरीरबाट विषाक्त पदार्थहरु हटाउन, शरीरको अतिरिक्त बोसो घटाउन, रगत शुद्ध गर्न र अनुहारमा चमक ल्याउन मद्दत गर्ने मानिन्छ । यसबाहेक, ३० दिनसम्म दैनिक एलोभेराको जुस पिउनाले पनि रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन मद्दत गर्दछ ।

घिउ कुमारीको बोट शताब्दीयौंदेखि आयुर्वेद र परम्परागत औषधिमा प्रयोग हुँदै आएको छ । आजकल, धेरै मानिसहरूले तौल घटाउन, पाचन सुधार गर्न, छालालाई चम्किलो बनाउन र रोग प्रतिरोधात्मक क्षमता बढाउन हरेक बिहान घिउ कुमारीको जुस पिउँछन् । तर हरेक दिन एक गिलास एलोभेराको जुस पिउँदा वास्तवमा शरीरमा महत्त्वपूर्ण परिवर्तनहरु आउँछन् ? आयुर्वेदमा यसलाई कुमारी भनिन्छ । यो हर्मोन सन्तुलनदेखि स्वास्थ्य सुधार गर्ने सबै कुराको लागि रामबाण औषधिको रूपमा काम गर्दछ । भिटामिन ए, सी, ई, बी-कम्प्लेक्स, फोलिक एसिड, र क्याल्सियम, म्याग्नेसियम र जिंक जस्ता आवश्यक खनिजहरूले भरिपूर्ण घिउ कुमारीको जुसलाई ३० दिनसम्म नियमित रूपमा पिउनाले शरीरमा उल्लेखनीय परिवर्तन ल्याउन सक्छ ।

एलोभेराको जुसमा मुख्यतया पानी, पोलिफेनोल, एन्टिअक्सिडेन्ट, भिटामिन सी, भिटामिन ई, केही बी भिटामिन, खनिजहरु ( क्याल्सियम, म्याग्नेसियम, पोटासियम), र एसेमानन जस्ता पोलिसेकराइडहरु हुन्छन् । यी यौगिकहरूले शरीरमा अक्सिडेटिभ तनाव कम गर्न र कोशिकाहरूको सुरक्षा गर्न भूमिका खेल्न सक्छन् । यद्यपि, यो ध्यान दिनु महत्त्वपूर्ण छ कि बजारमा उपलब्ध सबै एलोभेराको जुसहरु समान गुणस्तरका हुँदैनन् । शुद्ध, रंगहीन, र एलोइन-रहित उत्पादनहरु मात्र अपेक्षाकृत सुरक्षित मानिन्छन् ।





## दैनिक राशिफल

आज मिति
२०८३ साल
भदौ ०९ गते
मंगलबार
25 Aug. 2026
तिथि: त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

- **मेष** (चु चे लो ला लि लँ ले लो अ) — नयाँ काममा सफलता मिल्नेछ । आर्थिक लाभको अवसर जुर्न सक्छ ।
- **वृष** (इ उ ए ओ वा वि वु वे वो) — पारिवारिक सहयोग प्राप्त हुनेछ । व्यवसायमा सुधार आउनेछ ।
- **मिथुन** (का कि कु घ ङ छ के को हा) — रोकिएका काम अघि बढ्नेछन् । मित्रबाट राम्रो सहयोग मिल्नेछ ।
- **कर्कट** (हि हु हे हो डा डि डु डे डो) — स्वास्थ्यमा विशेष ध्यान दिनुहोस् । खर्च बढ्न सक्ने सम्भावना छ ।
- **सिंह** (मा मि मु मे मो टा टि टु टे) — काममा उत्साह बढ्नेछ । सामाजिक प्रतिष्ठा बढ्नेछ ।
- **कन्या** (टो प पी पँ ष ण ठ पे पो) — नयाँ अवसर प्राप्त हुनेछ । मेहनतको राम्रो परिणाम मिल्नेछ ।
- **तुला** — प्रेम सम्बन्ध सुखद बन्नेछ । आम्दानी बढ्ने संकेत देखिन्छ ।
- **वृश्चिक** (तो ना नि नँ ने नो या यि यु) — निर्णयमा सावधानी अपनाउनुहोस् । व्यवसायमा लाभ मिल्न सक्छ ।
- **धनु** (य यो भा भी भ धा फा ढ भे) — यात्राको अवसर मिल्न सक्छ । साथीबाट महत्वपूर्ण सहयोग पाइनेछ ।
- **मकर** — कार्यक्षेत्रमा सफलता मिल्नेछ । आर्थिक स्थिति बलियो बन्नेछ ।
- **कुम्भ** (गँ गे गो सा सी सँ से सो द) — नयाँ योजना सफल हुनेछ । परिवारमा खुसीको वातावरण
- **मीन** (दि दु थ झ ञ दे दो चा ची) — शुभ समाचार प्राप्त हुनेछ । पुराना समस्या समाधान हुनेछन् ।

# इन्द्रेणी सहकारीको प्रतिवेदन सार्वजनिक



**कमल** /झापाको कमल-७ स्थित इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आगामी भदौ १५ गते हुने ३०औँ वार्षिक साधारणसभामा प्रस्तुत गरिने प्रतिवेदन सार्वजनिक गरेको छ।

सोमबार भएको प्रतिवेदन सार्वजनिक कार्यक्रम संस्थाका अध्यक्ष कपिलप्रसाद आचार्यको अध्यक्षतामा भएको बताइएको छ। संस्थाले ३०औँ वार्षिक साधारणसभामा प्रस्तुत गर्ने प्रतिवेदन सदस्यहरूका लागि सार्वजनिक गर्दै त्यसमा आवश्यक सुझाव तथा प्रतिक्रिया दिनसमेत आग्रह गरेको छ। संस्थाका व्यवस्थापक खगेन्द्रप्रसाद भण्डारीका अनुसार सदस्यहरूले भदौ ८ गतेदेखि १२ गतेसम्म कार्यालय समयमा संस्थाको कार्यालयमा उपस्थित भई प्रतिवेदन प्राप्त गर्न सक्नेछन्। त्यस अवधिमा सदस्यहरूले प्रतिवेदन अध्ययन गरी आवश्यक सुझाव तथा प्रतिक्रिया संस्थालाई उपलब्ध गराउन सक्ने व्यवस्थासमेत गरिएको छ। सहकारीले प्रतिवेदनलाई सदस्यको सहज पहुँचमा पुऱ्याउन डिजिटल माध्यमको समेत प्रयोग गरेको छ। सदस्यहरूले स्मार्टफोनबाट संस्थाको फेसबुक पेजमा गई भदौ ८ गते पोस्ट गरिएको क्यूआर कोड स्क्यान गरी प्रतिवेदन हेर्न सक्ने व्यवस्था गरिएको लामिछानेले जानकारी दिए। संस्थाका सह-व्यवस्थापक आशिष लामिछानेका अनुसार प्रतिवेदन संस्थाको फेसबुक पेजमा समेत सार्वजनिक गरिएको छ।

संस्थाका सचिव रोशनकुमार अधिकारीले सञ्चालन गरेको कार्यक्रममा संस्थाका पूर्व ज्येष्ठ अध्यक्ष टेकेन्द्रकुमार श्रेष्ठ प्रमुख अतिथिका रूपमा उपस्थित थिए। पूर्व अध्यक्ष, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा पूर्व संयोजकहरूको समेतको उपस्थिति रहेको थियो।

संस्थाका वरिष्ठ उपाध्यक्ष अकलबहादुर गुरुङले स्वागत मन्तव्य राखेको कार्यक्रममा सञ्चालक समितिका उपाध्यक्ष तथा सदस्यहरू, सल्लाहकार समिति सदस्य, लेखा सुपरिवेक्षण समिति सदस्य, विभिन्न उपसमितिका पदाधिकारी, व्यवस्थापक, कर्मचारी तथा शेयर सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो।

सहकारीले वार्षिक साधारणसभालाई पारदर्शी र सहभागितामूलक बनाउन साधारणसभामा प्रस्तुत हुने प्रतिवेदन अग्रिम रूपमा सदस्यसमक्ष सार्वजनिक गरेको जनाएको छ। सदस्यबाट प्राप्त सुझावलाई समेत साधारणसभाका विषयवस्तुमा समेट्दै संस्थाको आगामी कार्यदिशा तय गर्ने तयारी गरिएको छ। आगामी भदौ १५ गते हुने ३०औँ वार्षिक साधारणसभामा संस्थाको वार्षिक प्रगति, आगामी नीति तथा कार्यक्रमलगायत विषयमा छलफल हुने जनाइएको छ।

***अव्यवस्थित*......**सामग्री राख्न तथा स्वीकृतिबिना विद्युत् पोल र सडकपेटीमा विज्ञापन सामग्री राख्न रोक लगाइएको छ । नियम उल्लंघन गरे सामान जफत् गरी जरिवाना गर्न सकिने नगरपालिकाले जनाएको छ ।

पार्किङ व्यवस्थापनमा पनि कडाइँ गरिएको छ । महिनाको १ देखि १५ गतेसम्म सडकको पूर्वी भाग र १६ गतेदेखि मसान्तसम्म पश्चिमी भागमा एकतर्फी पार्किङ गर्नुपर्ने व्यवस्था गरिएको छ । तोकिएको व्यवस्थाविपरीत पार्किङ गरे नगर प्रहरीले ह्वील लक गरी कारबाही गर्ने भएको छ ।

त्यस्तै, सार्वजनिक स्थानमा धुम्रपान, मद्यपान, खैनी तथा गुट्खा सेवनमा रोक लगाइएको छ । मन्दिर, विद्यालय र स्वास्थ्य केन्द्रको १०० मिटर क्षेत्रभित्र सुर्तीजन्य पदार्थ बिक्री तथा सेवनसमेत निषेध गरिएको छ ।

ठूला मालवाहक सवारीलाई बजार क्षेत्रमा बिहान ९ बजेसम्म र साँझ ५ बजेपछि मात्र प्रवेश गरी लोड-अनलोड गर्नुपर्ने व्यवस्था गरिएको छ । ढुंगा, गिटी र बालुवा ढुवानी गर्दा अनिवार्य रूपमा सामग्री छोप्नुपर्ने तथा मालवाहक सवारीले रिङरोड प्रयोग गर्नुपर्ने नियम छ ।

बसपार्क व्यवस्थापनअन्तर्गत छोटो तथा लामो दूरीका यात्रुवाहक सवारी बसपार्कभित्रै प्रवेश गर्नुपर्नेछ । बसपार्क बाहिर टिकट काउन्टर राख्न तथा तोकिएका सडक क्षेत्रमा यात्रुवाहक सवारी रोक्न निषेध गरिएको छ ।

टेम्पो तथा सिटी सफारीको पहिचानका लागि रंगअनुसार स्टिकरको व्यवस्था गरिएको छ । दमकका दर्ता भएका सवारीलाई हरियो, दर्ता प्रक्रिया बाँकी रहेकालाई पहेँलो र दमकबाहिरका सवारीलाई रातो स्टिकर प्रदान गरिनेछ । नियमअनुसार स्टिकर नलगाई सञ्चालन गरे कारबाही गरिने नगरपालिकाले जनाएको छ । व्यस्त बजार क्षेत्रमा ठेला, सिटी सफारी वा अन्य सवारीबाट अनुमति नलिई मोबाइल व्यापार गर्न पनि रोक लगाइएको छ । त्यस्तो अवस्थामा सामान जफत्, जरिवाना वा दुवै कारबाही हुन सक्नेछ । नगरपालिकाले सडकमा जथाभावी फोहोर फाल्न रोक लगाउँदै घर तथा व्यवसायबाट निस्कने फोहोर स्रोतबाटै वर्गीकरण गर्न आग्रह गरेको छ । घरपालुवा कुकुरलाई सडक तथा पेटीमा दिसापिसाब गराउने कार्यमा समेत रोक लगाइएको छ ।

नगरपालिकाले सडक र बजार व्यवस्थापनसँगै मजदुरको सुरक्षाका लागि मजदुर कल्याण कोष स्थापना गरी कार्यान्वयन प्रक्रिया अघि बढाइएको जनाएको छ । साथै गैरनागरिक, अशक्त, वृद्ध तथा नाबालकलाई टेम्पो तथा सिटी सफारी सञ्चालनमा रोक लगाइएको छ ।

नगरपालिकाले यी व्यवस्था कार्यान्वयनमा नगर प्रहरी परिचालन गर्ने जनाएको छ । नियम कार्यान्वयनसँगै दमकको बजार, सडक र सार्वजनिक स्थानलाई थप व्यवस्थित तथा सौन्दर्यपूर्ण बनाउने नगरपालिकाको लक्ष्य छ ।

## झापाका राजवंशी ओमनबाट पक्राउ

**बिर्तामोड**/ झापा बिर्तामोडका एक व्यक्ति अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलको रेड नोटिसका आधारमा विदेशबाट पक्राउ परेका छन्। उनलाई पक्राउ गरी नेपाल ल्याइएको छ।

जबरजस्ती करणी तथा विद्युतीय कारोबार ऐनसम्बन्धी कसुरमा फरार रहेका बिर्तामोड नगरपालिका-३ स्थायी घर भएका बिमल राजवंशी ओमनबाट पक्राउ परेका हुन्।

उनलाई अन्तर्राष्ट्रियस्तरमा खोजतलास तथा पक्राउ गर्न नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागअन्तर्गतको इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयले सन् २०२६ मे १३ मा रेड नोटिस जारी गरेको थियो।

***झापामा*....**झापामा जेई संक्रमणबाट हुने मृत्युदर ६० प्रतिशत पुगेको छ । संक्रमण र मृत्युदर उच्च भएकाले पहिलो चरणमा झापालाई प्राथमिकतामा राखेर खोप अभियान सञ्चालन गर्न लागिएको हो । जेई मस्तिष्कमा असर गर्ने भाइरल संक्रमण हो ।

***बयान*......** बारा प्रहरीका एसपी नरेन्द्र कुँवरका अनुसार भिडियो खिच्ने प्रहरीलाई अहिले पक्राउ गरी हिरासतमा राखिएको छ। भिडियो खिच्ने समूहमा पाँच जना प्रहरी देखिएको र अन्यमाथि पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## बीमालेख हराएको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (एलआईसी, नेपाल) बिर्तामोडबाट जारी गरीएका निम्न बीमालेख हराएको हुँदा प्रतिलिपी बीमालेख पाउनाका निमित्त निवेदन प्राप्त भएबमोजिम सुचना प्रकाशित गरिएको छ।

| तपसिल नाम | पोलिसी नं. |
|---|---|
| १.राधा महत्तो | २०००१११५२ |
| २.देव प्रसाद राजवंशी | २०००१०४७२ |
| ३.रिता वर्देवा | २००००९८३४ |

**नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.**
गौरादह-३ (झापा) सम्पर्क नं. ०२३-४८०२९२, ९८५२६८०२९२


# थाइल्यान्डका ५१ स्थानमा विस्फोट र आगजनी

**एजेन्सी/** थाइल्यान्डका दक्षिणी तीन प्रान्तमा एकै रात ५१ स्थानमा बम विस्फोट, आगजनी तथा तोडफोड भएपछि प्रधानमन्त्री अनुतिन चार्नविराकुलले उच्चस्तरीय सुरक्षा बैठक बोलाएका छन् । नाराथिवाट, पट्टानी र यालामा भएका घटनामा तीन सर्वसाधारण घाइते भएका छन् । पट्टानीमा ७-इलेभेन पसलमा आगजनी तथा नाराथिवाटमा रेलमार्गमा बम विस्फोट गराइएपछि स्थानीय र लामो दूरीका रेल सेवा प्रभावित भएका छन् ।

आक्रमणको जिम्मेवारी हालसम्म कुनै समूहले लिएको छैन। तर, दक्षिणी थाइल्यान्डमा सक्रिय विद्रोही समूह बारिसन रिभोलुसी नेसनल मेलायु पटानी (बीआरएन) माथि सुरक्षा निकायले आशंका गरेको छ । बीआरएनले मुस्लिम बहुल दक्षिणी क्षेत्रमा बढी स्वायत्तताको माग गर्दै सरकारसँग शान्तिवार्ता गर्दै आएको छ । दक्षिणी क्षेत्रमा दशकौँदेखि पृथकतावादी हिंसा जारी छ । 'डिप साउथ वाच' का अनुसार पछिल्ला २२ वर्षमा भएको हिंसामा सात हजार ८३७ जनाको मृत्यु भइसकेको छ ।

# लुटेको सामान फिर्ता गर्न जाँदा प्रहरीको फन्दामा

**दमक/** जेनजी आन्दोलनका क्रममा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर महाप्रसाद अधिकारीको भैँसेपाटीस्थित घरबाट सुनचाँदीका गरगहना चोरी गरेका एक व्यक्ति चोरीको सामान फिर्ता गर्न अधिकारीकै घर पुगेपछि प्रहरीको फन्दामा परेका छन् । रौतहटका ३१ वर्षीय विजय राम भन्ने विजय महरा चोरीको आरोपमा पक्राउ परेका हुन् । उनीबाट बरामद सुनचाँदीका गरगहनाको कुल मूल्य १० लाख २० हजार ९०७ रूपैयाँ कायम गरिएको छ ।

महरा भैँसेपाटीमा जुत्ता बनाउने पसल सञ्चालन गर्दै आएका थिए । जेनजी आन्दोलनका क्रममा पसल बन्द गरेर फर्कने क्रममा अधिकारीको घरमा ठूलो भीड देखेपछि उनी पनि त्यहाँ पुगेका थिए । त्यसबेला घरको मुख्य गेट फुटिसकेको र भित्र आगलागी भइरहेको थियो । करिब ६०/७० जना मानिस घरभित्र जाने-निस्कने गरिरहेको अवस्थामा अरूले सामान निकालिरहेको देखेपछि आफू पनि घरभित्र पसेर भुइँमा छरिएका सुनचाँदीका गरगहना टिपेर डेरामा लगेको उनले प्रहरीसमक्ष बयान दिएका छन् ।

तर चोरीको सामान लामो समय आफूसँग राखिरहँदा पक्राउ पर्ने डर भएपछि महरा एक जोर सुनको झुम्का लिएर अधिकारीकै घरमा फिर्ता गर्न पुगेका थिए । २०८३ साउन २० गते दिउँसो करिब १२ बजे झुम्कासहित घर पुगेका उनलाई अधिकारीले देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीले उनको साथबाट झुम्का बरामद गर्नुका साथै नख्खुस्थित डेरामा खानतलासी गर्दा थप सुन तथा चाँदीका गरगहना फेला पारेको थियो । डेराबाट सुनका औँठी, मुन्द्रा, झुम्का तथा चाँदीका पाउजु, मूर्ति, सिक्कालगायत सामग्री बरामद भएको प्रहरीले जनाएको छ । उनलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना माग गरिएको छ । बरामद गरगहना अधिकारीले फिर्ता लगिसकेका छन् ।

***बाह्रकोटी*....**मुचुल्का तयार गरेको थियो । तर प्रहरीको टोली फर्किएपछि घरभित्रका सामान बाहिर छरिएको अवस्थामा भेटिए पनि आशंका बढेको उनको भनाई छ । भिमाका अनुसार घरको ढोकामा लगाइएको चावी नखोलिएको अवस्थाको चुकुल ह्यान्डिलसहित बाहिर फालिएको थियो । घरमा रहेका दर्जनभन्दा बढी काँसका थालमध्ये दुईवटा जलेको अवस्थामा भेटिए पनि अन्य सामानको अवस्था र घरभित्रको दृश्यले सामान्य विद्युत् सर्टबाट मात्र आगलागी भएको भन्नेमा शंका उत्पन्न भएको उनले बताइन् ।
घरमा राखिएको नगद तथा गरगहनासमेत नभेटिएको पीडित परिवारको भनाइ छ । उनीहरूले चोरी गरेपछि प्रमाण नष्ट गर्ने उद्देश्यले आगो लगाइएको हुन सक्ने आशंका गर्दै घटनाको सूक्ष्म अनुसन्धान गर्न प्रहरीसँग माग गरेका छन् ।

प्रहरीको सर्जमिन मुचुल्कामा घरसहित धनमाल गरी करिब ९ लाख ९६ हजार रूपैयाँ बराबरको क्षति भएको उल्लेख छ । घरको मूल्य २ लाख ५० हजार रूपैयाँ, नगद ५० हजार, एक तोला सुन करिब ३ लाख, १२ तोला चाँदी करिब ९६ हजार, लत्ताकपडा ५० हजार तथा भाँडावर्तनलगायत जिन्सी सामानमा करिब १ लाख रूपैयाँ बराबरको क्षति भएको विवरणमा उल्लेख छ ।

आगलागीबाट घर पूर्णरूपमा क्षति भए पनि आसपासका सटेका घरमा भने ठूलो क्षति हुन पाएन । दमक नगरपालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

पीडित परिवारले वडा नम्बर ४ बाट सहयोग पाए पनि पर्याप्त नभएको जनाएको छ । आगलागीपछि आफूहरु आङको कपडाबाहेक केही नभएको अवस्थामा पुगेको हुनाले सबैलाई सहयोग गर्न आग्रह समेत गरेकी छन् । स्थानीयका अनुसार पछिल्ला केही महिनादेखि उक्त क्षेत्रमा चोरीका घटना बढ्दै आएका छन् । पीडित पक्षले घटनाबारे इलाका प्रहरी कार्यालय दमकमा पुनः जानकारी गराउँदै चोरी र नियोजित आगजनीको कोणबाट समेत अनुसन्धान गर्न माग गरेको हो ।

प्रहरी अनुसन्धानबाट मात्रै आगलागी विद्युत् सर्टका कारण भएको हो वा चोरीपछि नियोजित रूपमा आगो लगाइएको हो भन्ने वास्तविकता खुल्ने आशा पनि उनले व्यक्त गरिन् ।


गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०


# दमकमा रक्तदान, १०७ पिन्ट रगत संकलन



**दमक**/ ब्रह्माकुमारी राजयोग सेवा केन्द्र समाजसेवा प्रभाग दमकले सोमबार आयोजना गरेको बृहत् रक्तदान कार्यक्रममा १०७ पिन्ट रगत संकलन भएको छ। प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयकी पूर्व मुख्य प्रशासिका दादी प्रकाशमणिको १९औँ पुण्य स्मृतिको अवसरमा आयोजित कार्यक्रममा स्थानीयवासीको उत्साहजनक सहभागिता रहेको थियो।

स्वस्फूर्त रूपमा रक्तदान गर्न पुगेका स्थानीयको सहभागितामा भएको कार्यक्रममा विभिन्न क्षेत्रका समाजसेवी तथा विशिष्ट व्यक्तित्वहरूको समेत उपस्थिति रहेको थियो। रक्तदान कार्यक्रमको उद्घाटन दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापाले गरेका थिए।

ब्रम्हाकुमारी राजयोग सेवा केन्द्र दमकको सभाहलमा आयोजित सो कार्यक्रममा दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई प्रसाईं विशिष्ट अतिथिका रूपमा उपस्थित थिइन्। त्यस्तै, नेपाल रेडक्रस सोसाइटी दमक शाखा संयोजक गोमादेवी प्रसाईं बुढाथोकी, लाइफलाइन अस्पतालका चिकित्सक डा. सूर्यनारायण शाहलगायतको उपस्थिति थियो।

कार्यक्रमको सभाध्यक्ष ब्रह्माकुमारी राजयोग सेवा केन्द्र दमककी प्रमुख सञ्चालिका तथा ब्रह्माकुमारीज कोशी प्रदेश समाजसेवा प्रभागकी संयोजक ब्रह्माकुमारी राधा दिदीले गरेकी थिइन्। रक्तदान कार्यक्रमलाई सम्बोधन गर्दै सहभागीहरूले रक्तदानलाई मानवीय सेवाको महत्वपूर्ण माध्यमका रूपमा लिनुपर्ने बताएका थिए। आकस्मिक दुर्घटना, शल्यक्रिया, प्रसूति तथा विभिन्न उपचारका क्रममा आवश्यक पर्ने रगतको अभाव हुन नदिन यस्ता नियमित रक्तदान कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने उनीहरूको भनाइ थियो।

कार्यक्रममा स्थानीय नागरिकले स्वस्फूर्त रूपमा रक्तदान गर्दै मानवीय सेवाप्रतिको प्रतिबद्धता प्रस्तुत गरेका थिए। आयोजकका अनुसार संकलित रगत आवश्यक पर्ने बिरामीको उपचारमा प्रयोग हुने भएकाले कार्यक्रमले समुदायमा सेवाभाव अभिवृद्धि गर्नसमेत सहयोग पुगेको छ।

दादी प्रकाशमणिको १९औँ पुण्य स्मृतिलाई सामाजिक सेवासँग जोडेर आयोजना गरिएको रक्तदान कार्यक्रमले ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको समाजसेवामुखी गतिविधिलाई समेत निरन्तरता दिएको आयोजकले जनाएको छ।

आयोजकका अनुसार आगामी दिनमा पनि स्वास्थ्य तथा सामाजिक सेवासँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिँदै समुदायमा सेवा, सद्भाव र सहयोगको भावना विस्तार गर्ने उद्देश्य रहेको छ। सो कार्यक्रम सञ्चालन ब्रम्हाकुमार विवेकले गरेका थिए।

## दुर्घटनामा राईको मृत्यु

**दमक/** उदयपुरको त्रियुगा नगरपालिका वडा १० बोक्सेस्थित सगरमाथा राजमार्गमा मोटरसाइकलको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ । मोटरसाईकलले साईकललाई ठक्कर दिइ दुर्घटना हुँदा साइकलयात्री त्रियुगा नगरपालिका वडा नं १० बस्ने वर्ष ६० को सन्तबहादुर राईको मृत्यु भएको प्रहरीले जनाएको छ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२



**श्री जनमुखी सहकारी संस्था लि. दमक-६ झापाको**

## २८ औं बार्षिक साधारणसभा सम्वन्धी सूचना

यस **श्री जनमुखी सहकारी संस्था लि.** दमक-६ झापाको **२८ औं बार्षिक साधारण सभा** तपसिलको मिति, समय र स्थानमा आयोजना गरिने निर्णय भएको हुँदा सम्पूर्ण सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध छ ।

**तपसिल :**
- मिति : २०८३ भाद्र १५ गते सोमबार
- समय : बिहान ११:३० बजेदेखि ३:०० बजेसम्म
- स्थान : संस्थाको आफ्नै भवन, दमक-६, झापा

**साधारणसभामा छलफल हुने विषयहरु :-**
१) साधारणसभाको निर्णय पुस्तिका प्रमाणिकरण गर्ने प्रतिनिधिको चयन ।
२) सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन छलफल र पारित ।
३) लेखा सुपरिवेक्षण समितिको प्रतिबेदन प्रस्तुत, छलफल र पारित ।
४) आ.ब.०८२/०८३ को लेखापरिक्षणको प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।
५) आ.ब.०८३/०८४ को कार्यक्रम (लक्ष्य) प्रस्तुत र पारित ।
६) आ.ब.०८३/०८४ को अनुमानित आय ब्यय प्रस्तुत र पारित ।
७) बिनियम संसोधन सम्वन्धी छलफल तथा पारित ।
८) आ.ब.०८३/०८४ का लागी लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण ।
९) समसामयिक प्रस्ताव, छलफल र पारित ।

**श्री जनमुखी सहकारी संस्था लि.**
दमक-६ झापा (फोन नं. ०२३-५७१५६९)


◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com